# गुलरिया नगरपालिका बर्दियाको दशौं नगरसभामा
# नगरप्रमुख श्री मुक्तिनाथ यादवले
# प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०८०।०८१ को
# निति तथा कार्यक्रम

गुलरिया नगरपालिका

बर्दिया

२०८०

# गुलरिया नगरपालिका, बर्दिया दशौ नगरसभा
# नीति तथा कार्यक्रम २०८०/०८१

यस गुलरिया नगरपालिका बर्दियाको गरिमामय दशौ नगर शभाका सभाध्यक्ष ज्यु, प्रमुख प्रसासकिय अधिकृत ज्यु, वडा अध्यक्ष ज्युहरु, बिषयगत समितिका संयोजक एबम पदाधिकारी ज्युहरु, सभाका सदस्य ज्यूहरु, राष्ट्र सेवक कर्मचारी मित्रहरु,नगरपालिकाका कानुनि एबम प्रेस सल्लाहकार ज्यु हरु साथै पत्रकार मित्रहरु !

नेपालको संबिधान अनुसार स्थानीय सरकारहरु राज्य पुनस्थापनाकै कालदेखि नीति प्रवाह,सेवा वितरण ,बिधि निर्माण तथा विपद ब्यबस्थापनमा क्रियाशील हुदै संघियता र लोकतन्त्रलाई सस्थागत गर्ने मार्गमा क्रियाशील छन् ।तदअनुरुप हामी स्थानीय सरकार लोकतन्त्रको लाभलाई नगरबासीसामु वितरण गर्दै राज्यको उपस्थितिलाई जनताको घर दैलोमा पुर्याउन सदैब प्रतिबद्द छौ । स्थानीय सरकार नागरिकको सबै भन्दा नजिकको सरकार हो।नागरिकले देख्न सक्ने, छुन सक्ने, अनुभब गर्न सक्ने, सजिलै भेट्न सक्ने र आफ्ना प्रतिनिधि संग सजिलै अन्तरक्रिया गर्न सक्ने सरकार भएका कारण पनि स्थानीय सरकार संग नगरबासीका चाहना, बिस्वास र भरोसा धेरै रहेका छन् । यहि बिस्वास र भरोसाका कारण स्थानीय बिकासमा नागरिकको सार्थक र जीवन्त सहभागिता जुटाउन सकिएको छ ।

यसै सन्दर्भमा "बिकास,सम्वृद्धि र संरक्षण; हाम्रो प्रतिबद्दता,हाम्रो अभियान"को दिर्घकालिन सोचलाई साकार पुर्याउने उद्देश्यकासाथ गुलरिया नगरपालिका आगामी आर्थिक बर्षको नीति तथा कार्यक्रम तय गर्नका लागी दशौ नगरसभाको संघारमा उभिएको छ ।गुलरिया नगरपालिकाको नगर प्रमुखको हैसियतले गुलरिया नगरपालिकाको आर्थिक वर्ष २० ८० /०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अवसर प्राप्त भएकोमा मलाई अत्यन्तै खुशी लागेको छ। आजको यस महत्वपूर्ण सभा मार्फत म नेपालको सार्बभौमसत्ता, स्वाधिनता, भौगोलिक अखंड़ता, राष्ट्रिय हित, स्वाभिमान, लोकतन्त्र र जनजिबिकाका लागी भिभिन्न समय र क्षेत्रमा भएका आन्दोलनमा आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भाबपूर्ण श्रद्दांजली अर्पण गर्दछु । ती आन्दोलनमा नेतृत्व गर्ने अग्रजहरु

प्रति उच्च सम्मान ब्यक्त गर्दछु, नेपाली समाजको रुपान्तरणमा उहाहरुले पुर्याउनु भएको महान योगदानको पुनःस्मरण गर्न चाहान्छु ।

नेपालको संबिधानको अनुसूची ८ ले दिएको स्थानीय तहको अधिकारलाई सदुपयोग गर्दै सामाजिक न्याय , समाबेसिकरण, लैंगिक मुलप्रबाहिकरण,सामाजिक ससक्तिकरण सहितको सम्वृद्धि ल्याउन हामी सबै प्रतिबद्ध छौ । अबका दिनहरुमा गुलरिया नगरपालिकाको चौतर्फी बिकासमा एकीकृत भई अघाडि बढ्ने हाम्रो अभियान जारी रहने छ । संबिधानले दिएको अधिकार प्रयोग गरि गुलरिया नगरपालिकाले यसै नगर सभामा आवश्यकता महसुस गरिएका विभिन्न नीति तथा कार्यक्रम तर्जुमा गरि पेश गरिएको छ । यसको सफल कार्यान्वयनका लागि म नगरसभाका सम्पूर्ण सदस्य , सबै राजनीतिक दल एबं सरोकारवालाहरुको पूर्ण सहयोगको अपेक्षा गर्दछु।

शभाध्यक्ष महोदय,

अब म गुलरिया नगरपालिकाको आ.ब. २०८० /०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## नीति तथा कार्यक्रमका उद्देश्यहरु

- अन्तरसम्बन्धमा आधारित विभिन्न आयोजनाहरुलाई प्राथमिकतादिदै ग्रामिण भेगलाई शहरी क्षेत्र संग जोड्ने आयोजना कार्यान्वयन गरि आयमूलक रोजगारीका अवसर सृजना गर्दै गरीवी न्यूनीकरण गर्नु आगामी आर्थिक बर्षको प्रमुख नीति तथा उद्देश्य रहने छ।
- बालविकास सहित माध्यमिक तहसम्मको शिक्षालाई बालमैत्री, सिकाइमैत्री, प्रविधीमैत्री र गुणस्तरीय बनाउन विद्यालयमा पुस्तकालय, विज्ञान प्रयोगशाला , खानेपानी, शौचालय जस्ता पूर्वाधार विकासमा लागानी गरिने छ ।
- एक वडा एक स्वास्थ्य सस्थाको अबधारणा बमोजिम प्रत्येक वडामा सामुदायिक स्वास्थ्यकेन्द्र स्थापना तथा संचालन गरिएकोमा ती स्वास्थ्यकेन्द्र हरुको स्तरोन्नति गर्दै गुणस्तरीय सेवा उपलब्ध गराउनमा जोड दिइने छ।जिल्ला अस्पताल बर्दियाको स्तरोन्नतिका लागि प्रदेश सरकार संग सहकार्य गरिने छ ।

- एक गाउ एक उत्पादन को अबधारणा बमोजिम बिभिन्न कृषि पकेट क्षेत्रहरु निर्धारण गरि नगदे बाली उत्पादनमा कृषकहरुलाई प्रेरित गरिने छ । उत्पाकत्व बृद्दिका कार्यक्रमहरुलाई प्राथमिकता दिदै पशुपालन तथा बिकासका कार्यक्रमहरु लाई समानान्तर रुपमा अघाडी बढाइने छ ।
- प्रत्येक वर्ष कम्तिमा पचास लघु उधमी तयार गर्ने नीति अनुरुप उत्पादित लघु उद्दमी हरुलाई बिउपुजी सहयोग गर्ने नीतिलाई निरन्तरता दिइने छ।
- सफा,स्वस्छ र उज्यालो गुलरिया निर्माणका लागि प्राथमिकताकासाथ कार्यक्रमहरु संचालन गरिने छ ।
- गत आर्थिक बर्षसम्ममा तीन वटा वडा कार्यालयहरु निर्माण सम्पन्न गरि आफ्नै वडाकार्यालयबाट सेवा प्रदान शुरु गरिएकोमा आगामी आर्थिक बर्षमा थप तिन वडा कार्यालय निर्माण सम्पन्न गरिने छ र बाकी वडा कार्यालय निर्माण प्रक्रिया अगाडी बढाइने छ।प्रत्येक वडा कार्यालयलाई पक्की सडक संजाल संग जोडिने छ र प्रबिधी मैत्री वडा कार्यालयबाट सेवा प्रदान गरिने छ ।
- सामाजिक स्थितिमा सुधार ल्याउन शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई, विद्युतिकरण, सामाजिक ससक्तिकरण र खेलकुद जस्ता क्षेत्रमा लगानी वृद्धि गरिनेछ ।
- उज्यालो गुलरिया कार्यक्रमलाई निरन्तरता दिइने छ । फोर लाइन सडक क्षेत्रमा ग्रीन बेल्ट निर्माणको लागि स्थानीय समुदाय संग सहकार्य गरिने छ ।
- गुलरिया नगरपालिकाको आवधिक योजना , आन्तरिक आयवृद्धि का लागि राजस्व सम्भाव्यता अध्ययन, डिजिटल प्रोफाइल अध्यावधिक र प्रकोप प्रतिकार्य योजना निर्माण लगायतका कार्यलाई आगामी बर्षमा प्राथमिकताका साथ अगाडी बढाइने छ।
- बबई जब्दी घाटामा पुल निर्माण, बबई नदि नियन्त्रण तथा ब्यबस्थापनका लागि तत्काल आबस्यक कदम चाल्न केन्द्र सरकारबाट प्राथमिकता का साथ कार्यक्रम तथा बजेट बिनियोजन हुनका लागि आपसी समन्वय बढाईनेछ।
- गुलरिया नगरक्षेत्रमा ब्यबस्थित खेल मैदान निर्माणका लागि गुलरिया-४कबर्डहल क्षेत्रमा बहुउद्देश्यीय कबर्डहल सहित रंगशाला निर्माण कार्य शुरु गरिएकोमा सो

कार्यलाई निरन्तरता दिई बाकि कार्य सम्पन्न गर्न प्रदेश सरकारसंग समन्वय गरिने छ ।

- सामाजिक सचेतना, गरिबी न्यूनीकरण, प्रकोप ब्यबस्थापन आदिकालागि समाज परिचालनलाई तिब्रता दिइने छ
- सामाजिक समाबेसिकरण र लैंगिक मुलप्रबाहिकरण को अबधारणालाइ नगरपालिकाका प्रत्येक एकाइ र कार्यक्रमहरुमा सस्थागत गर्दै लगिने छ ।
- गुलरिया नगर क्षेत्रमा औधोगिक ग्राम निर्माण प्रक्रिया अघाडी बढीसकेकोमा औधोगिक ग्राम निर्माण,ब्यबस्थापन तथा संचालनका लागि संघिय सरकार संग समन्वय गरिने छ ।
- कृष्णसारसंरक्षण क्षेत्रभित्ररहेको बस्ति ब्यबस्थापन तथा पर्यटन प्रवर्धन कार्यक्रमलाई प्रारथमिकता दिइनेछ ।
- आन्तरिक आयको अबस्थालाई मजबुत एबम दिगो बनाउन आन्तरिक कर क्षेत्रको दायरा बढाइने छ तर करको दर बढाइने छैन।
- आबस्यकता बमोजिम ऐन,कार्यविधि तथा रणनीतिहरुको तर्जुमा एबम परिमार्जनको नीति अबलम्बन गरिने छ ।
- स्थानीय तहमा संचालित संचार गृहको दिगो संचालन एबम संचार कर्मीहरुको क्षमता बिकासका क्षेत्रमा कार्यक्रमहरु संचालन गरिने छ।
- परम्परागत पेशाहरुको आधुनिकीकरणका लागि प्रबिधि सहयोग गर्ने नीति अबलम्बन गरिने छ।
- सामाजिक सुरक्षाको नीतिलाई थप भरपर्दो र विस्वासिलो बनाइने छ ।"जसको केहि र कोहि छैन,तेसकोलागि सरकार छ" भन्ने तथ्य कार्यान्वयनमा ल्याइने छ।
- वितरणमुखी कार्यक्रमहरुलाई निरुत्साहित गर्ने नीति अबलम्बन गरिने छ ।

राज्यका बर्तमान नीति, निर्णय, प्राप्त अनुभव तथा आदरणीय नगरवासीहरुका चाहना र प्राप्त श्रोतका आधारमा उल्लेखित उद्देश्यहरु पूर्ती गर्नका लागि निम्न अनुसारका नीतिहरु अवलम्बन गरिनेछ ।

## नीतिहरु

## भौतिक पूर्वाधार

१. संघिय र प्रादेशिक सरकारको सहयोगमा संचालित बिभिन्न पुर्बाधार योजनाहरुसंग नबाझिने गरी नगर बिकासका अन्य योजनाहरु शुरु गरिने छ । संचालन गरिएका र सम्पन्न हुन नसकेका योजनाहरु सम्पन्न गर्नु पहिलो प्राथमिकता रहने छ ।

२. निर्माण गरिएका भौतिक संरचनाको दिगोपनका लागि नियमित मर्मत संहार कार्यक्रम संचालन गरिने छ ।

३. आगामी आर्थिक बर्षमा थप ३ वडा कार्यालयहरु निर्माण सम्पन्न गरिने छ ।थप अन्य वडामा जग्गा ब्यबस्थापन गरि वडा कार्यालय निर्माण प्रक्रिया शुरु गरिने छ ।प्रत्येक वडालाई पक्की सडक संजालमा जोडिने छ ।

४. विशिष्ट प्रकारको प्रविधीको आवश्यकता पर्ने खालका योजना बाहेकका योजनाहरु उपभोक्ता मार्फत सञ्चालन गरिने नीति लिइनेछ। योजना छनोट,संचालन,नियमित मर्मतसंहारका लागि उपभोक्ता समितिलाई जिम्मेवार बनाउदै लगिने छ

५. गुलरिया नगरपालिकाको विकास निर्माणलाई व्यवस्थित बनाउन अति आवश्यक रहेको रिङ्गरोड निर्माणमा नगरपालिकाको उच्च प्राथमिकता रहनेछ ।

६. हुलाकी सडक आसपासमा बन्ने भवन एवं संरचनाहरुको निर्माण तथा स्वीकृत दिंदा हुलाकी सडकको मापदण्डलाई पूर्णतया कार्यान्वयनमा ल्याइनेछ ।

७. गुलरिया नगरपालिका वडा न.४ मा रहेको कबर्ड हल पूर्णताका लागि सम्बन्धित निकायसंग समन्वय गरिने छ ।

८. तुलसीपुर ताल लगायत पुरानो सर्यु नदीको अतिक्रमण हटाइ आबस्यक पूर्वाधारहरुको निर्माण गरि पर्यटकीय क्षेत्रको रुपमा बिकास गर्न ती क्षेत्रलाई सिमसार क्षेत्र अन्तर्गत राखिने छ र आयमुलक आयोजनाको रुपमा लगानी बढाइने छ।

९ गुलरिया नगरपालिकाको बहुआयामिक प्रसासनिक भवन निर्माण प्रक्रिया शुरु गरिने छ र यसका लागि संघिय सरकार संग सहकार्य गरिने छ ।

१० "हाम्रो गुलरिया,राम्रो गुलरिया" को नारालाई साकार तुल्याउन योजनाबद्द बाताबरण मैत्री भौतिक पूर्वाधार संरचनाहरुको निर्माणलाई प्राथमिकता दिने नीति अबलम्बन गरिने छ ।

## शिक्षा, यूबा तथा खेलकूद

१.बालविकास सहित माध्यमिक तहसम्मको शिक्षालाई बालमैत्री, सिकाइमैत्री, प्रविधीमैत्री र गुणस्तरीय बनाउन विद्यालयमा पुस्तकालय,विज्ञान प्रयोगशाला ,खानेपानी,शौचालय जस्ता पूर्वाधार विकासमा बजेट विनियोजन गर्न प्राथमिकता दिइनेछ ।

२."गुणस्तरीय शिक्षा ,गुलरिया नगरपालिकाको इच्छा "भन्ने नारालाई प्राविधिक र व्यावसायिक शिक्षा मार्फत गुणस्तरीय जनशक्ति उत्पादन गर्ने दिर्घकालिन नीति लिईनेछ ।

३.नगरपालिका भित्रका विद्यालयहरुमा अध्यनरत छात्रछात्राहरुलाई प्रोत्साहन स्वरुप छात्रवृत्ति उपलब्ध गराउने प्रयोजनको लागि "आवश्यकतामा आधारित छात्रवृत्ति कार्यक्रम" को व्यवस्था मिलाइनेछ ।

४. "गुलरिया गाथा"स्थानीय पाठ्यक्रमको कक्षा १ -८ को निर्माण भएको पाठ्य समाग्री आवश्यक मात्रामा छपाई गरी कार्यान्वयनमा ल्याइनेछ ।

५.विद्यालयहरुको नियमित अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी एवं व्यवस्थित बनाई कार्यसम्पादनमा उत्कृष्ट देखिएका विद्यालयहरुलाई प्रोत्साहन गर्ने नीति अबलम्बन गरिनेछ ।

६."विद्यार्थीलाई इनाम ,शिक्षकलाई सम्मान "कार्यक्रम मार्फत कार्यसम्पादनमा उत्कृष्ट शिक्षकहरुलाई सम्मान गरी शिक्षण पेशालाई मर्यादित र सम्मानित बनाइनेछ ।

७. शैक्षिक उपलब्धि अभिबृद्धिका लागि प्रत्येक त्रैमासिक रुपमा वडास्तरीय परीक्षा सञ्चालन तथा व्यवस्थापन गरी गुणस्तरीय शिक्षा अभिबृद्धि गरिने छ ।

८.राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगितालाई निरन्तरता दिई "राष्ट्रको लागि खेलकुद,स्वास्थ्यको लागि खेलकुद" अभियानलाई विद्यालय तहदेखि नै सञ्चालन गरिने नीति अवलम्बन गरिनेछ ।

९. क्रिकेट खेललाई प्रोत्साहित गर्न माध्यमिक विद्यालय स्तरीय प्रथम मेयर कप क्रिकेट प्रतियोगिता २०८० सञ्चालन गरिनेछ ।

१०.यस नगरपालिका अन्तर्गत रहेका विद्यालयहरुमा बालबालिकाहरुको गुणस्तरीय शिक्षा प्रदान गर्न विद्यालयहरुमा समावेशी तथा पहुँचयुक्त खानेपानी सरसफाई तथा स्वच्छता सुविधाहरु र महिनावारी व्यवस्थापनको सेवा सुविधाहरुको निर्माण तथा व्यवस्थापन गरिनेछ ।

११.यस नगरपालिका अन्तर्गत रहेका विद्यालयहरुको भौतिक पक्ष सबल गरि आवश्यकता पहिचान गर्दै कक्षाकोठा व्यवस्थापन गरी Smart Classroom बनाइने नीति लिइनेछ ।

१२.विद्यालय खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी कार्यविधी २०७४ को आधारमा क्रमशःएक तारे,दुई तारे र तीन तारे विद्यालय घोषणा गरिनेछ । यस आ व २०८०।०८१मा कम्तीमा १ वटा विद्यालय तीन तारे घोषणा गरिनेछ।

१३.गुलरिया नगरपालिका नगर खेलकुद विकास सञ्चालन तथा व्यवस्थापन कार्यविधी २०८० निर्माण गरी नगर खेलकुद विकास समिति मार्फत राष्ट्रिय तथा अन्तरराष्ट्रिय खेलाडी उत्पादन गर्ने नीति लिईनेछ ।

१४.नगर भित्रका युवाहरुको प्रतिभा पहिचान गरी व्यवस्थापन गर्न प्रतिभा पहिचान कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

१४.प्रधानाध्यापक तथा शिक्षकहरुको विभिन्न तालिमका माध्यमबाट क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

१५. नेपालको संविधान २०७२को कार्यान्वयन गर्नका लागि माध्यमिक तह (११-१२)मा पूर्ण रुपमा निःशुल्क शिक्षा प्रत्याभुत गराउनका लागि विद्यालयहरुले लिने गरेको मासिक शुल्क लाई पूर्णरुपले निरुत्साहित गरिनेछ ।

१६. प्राप्त उपलब्धिको आधारमा प्र.अ.,शिक्षक एबम बिध्यालयलाई सम्मान एबम पुरस्कृत गर्ने नीति अबलम्बन गरिने छ ।

१७.संचालित प्राबिधिक धारका बिद्यालयहरुमा आबस्यकताका आधारमा थप सहयोग गर्ने नीति अबलम्बन गरिने छ ।

१८.बिद्यालय भर्ना उमेरका "सतप्रतिशत बालबालिका बिद्यालय भित्र्याउने र आधारभूत तहसम्म सतप्रतिशत टिकाउने" उद्देश्यका साथ सघन कार्यक्रमहरु संचालनमा ल्याइने छ ।

१९ कक्षा ८-१० मा अध्यनरत कमजोर शैक्षिक उपलब्धी भएका बालबालिका हरुकालागि निशुल्क अतिरिक्त कक्षा संचालन गरिने छ ।

२०. प्रधानाध्यापक,बिद्यालय ब्यबस्थापन समिति र पीटीए पदाधिकारीहरुसंग नियमित अन्तरक्रिया कार्यक्रमहरुको आयोजना गरिने छ।

## कृषि तथा पशुपंक्षी पालन सम्बन्धि

१. कृषि बिकासका लागि पकेट क्षेत्रको पहिचान गरि ब्यबसायिक खेती, नगदे खेती एबम उच्च सम्भावनायूक्त तरकारी तथा फलफूल खेतिलाई प्रोत्साहन गरिने छ। उत्पादनको आधारमा अनुदानको व्यवस्था मिलाईनेछ ।

२. गुलरिया नगरपालिका भित्र सिंचाई सुबिधा उपलब्ध गराउन भुमिगत सिचाई बिस्तारमा जोड दिईने छ ।

३. गुलरिया नगरपालिकाका कृषकहरुलाई किसान सूचीकरण कार्यक्रमलाइ आगामी बर्षमा निरन्तरता दिइने छ र किसानहरुलाई वडा स्तरतहबाटै किसान परिचयपत्र प्रमाणीकरण गरि उपलब्ध गराईनेछ ।

४. बिपन्न तथा भूमिहीनहरुको आयआर्जन बृद्दीको लागि नगरप्रमुख बगर खेतिको क्षेत्र विस्तार गरिने छ ।

५. किसानले आवश्यकता महसुस गरेका बखत तत्काल कृषि तथा पशु प्राबिधिक किसानको घर दैलोमा पुग्ने गरि जनसक्ति परिचालन गरिने छ ।

६. विभिन्न बालीनाली मा लाग्ने रोगकिरा विरुद्द आकस्मिक बाली संरक्षण सेवा कार्यक्रम संचालन गरिनेछ ।

७. गुलरिया नगरपालिकालाई कृषि उपजमा आत्मनिर्भर बनाउनका लागि बाली बस्तुको विशिष्टिकण गरि कार्यक्रम संचालन गरिने छ ।

८. कृषकहरुलाई सिजन अनुसारको उन्नत बिउ विजनहरु अनुदानमा उपलब्ध गराई उत्पादन तथा उत्पादकत्वमा बृद्दी गरिने छ ।

९. बेरोजगार युवाहरुलाई कृषिकार्य तर्फ आकर्षण गर्न बिशेष प्रकारका स्वरोजगार कार्यक्रम संचालन गरिने छ ।

१०. रैथाने बाली संरक्षणका लागि कृषि जैविक विविधता संरक्षण कार्यक्रम संचालन गरिनेछ।

११. बैज्ञानिक गोठ ब्यबस्थापन कार्यक्रम अन्तरगत खोर तथा गोठ सुधार कार्यक्रम संचालन गर्न सरोकार वालाहरुसंग समन्वय गरिने छ ।

१२. पशुहरुको कृतिम गर्भाधान कार्यक्रमलाई निरन्तरता दिइने छ र बाख्रा पालक कृषकहरुलाई समेत सेवा दिने गरि वोयर बाख्राको समेत कृत्रिम गर्भाधान सेवा सुरु गरिने छ ।

१३. पकेट क्षेत्रको रुपमा मत्स्य पालन , दुध उत्पादन ,तरकारी ,बिउ, बसन्ते मकै र धानलाई बढावा दिइनेछ साथै धानबालीको पकेट विकास कार्यक्रमलाई निरन्तरता दिईने छ ।

१४. पशुपालनको बिकासका लागि स्थानीय तहमा दाना उत्पादन उद्योग खोल्न निजी क्षेत्रलाई प्रोत्साहन गरिने छ।

१५. पशु स्वास्थ्य नियमन कार्यक्रम र पशु औषधि , खोप तथा पशुबिमा बिस्तारमा जोड दिइने छ ।

१६. पशु पंक्षीबाट मान्छेमा सर्न सक्ने रोगहरुको रोकथाम तथा नियन्त्रणलाई प्रभावकारी बनाउन जनचेतनामुलक कार्यक्रम संचालन गरिने छ ।

१७. गुलरिया नगरपालिकाको सम्पूर्ण खेतीयोग्य जमिनमा सिचाई सुबिधा पुर्याउन बबई सिचाई आयोजनाको कार्यक्रमलाई यथासक्य छिटो कार्यान्वयनमा ल्याउन सम्बन्धित पक्ष संग समन्वय एबम सहकार्य गरिने छ ।

१८. ब्यबसायिक खेतीमा अनिबार्य बालि तथा पशु बिमा कार्यक्रम लागुगर्ने नीति लिइने छ।

१९. सिंचित क्षेत्रमा वाली सघनता बढाइ उत्पादनमा वृद्धि गरि नगरलाइ खाद्यान्नमा आत्मनिर्भर गराइनेछ ।

२०. समूह तथा सहकारीको सुदृढिकरण र परिचालन गरिनेछ

२१. महिला, दलित,थारु समुदाय ,मधेशी समुदायलगायत पछि परेका सबै वर्ग र समुदायको कृषि कार्यक्रममा सहभागिता बढाइनेछ ।

२२. माटो व्यवस्थापन कार्यक्रम संचालन गरी विषादि न्यूनीकरण गर्ने तथा माटोको उर्वराशक्ति बढाउने कार्यक्रमहरु संचालन गरिनेछ ।

२३. बजार पूर्वाधार सुधार तथा निर्माण गरी स्थानीय बजारको सञ्जाल तयार गरिनेछ ।

२४. सुनौला १००० दिनका आमा तथा बच्चाको पोषण सुरक्षाका लागि विभिन्न कार्यक्रमहरु संचालन गरिने

२५. स्रोत र साधन सम्पन्न विद्यालयमा आन्तरिक आय वृद्धिका लागि कृषि तथा पशुपालन सम्बन्धी विशेष कार्यक्रम संचालन गरिनेछ ।

२६. सहुलियत कृषि कर्जा परिचालनमा प्रवर्द्धक तथा समन्वयकारी भुमिका निर्वाह गरिनेछ ।

२७. प्राकृतिक नदिनाला ताल तलैया सिमसार घोल तथा अन्य जलासय जन्य क्षेत्रहरुमा आवश्यक ब्यवस्थापन गरि प्रयटन प्रवर्द्धन तथा दिगो आम्दानीको स्रोतको विकास गरिनेछ । जसमा माछापालन बगुरपालन जस्ता ब्यवसायहरु समेत विस्तारमा विशेष जोड दिइनेछ

२८. पशुपालन ब्यवसायलाइ ब्यवसायिकरण गरिनेछ ।

३९. व्यवसायिक पशुपालन सम्बन्धी आधारभुत ज्ञान तथा सिपका लागि पशुपालन सम्बन्धि तालिम संचालन गरिनेछ ।

३०. पशुको बाह्य परजिवि तथा आन्तरिक परजिवि सम्बन्धी निदानका लागि आधारभुत ल्याव संचालनमा ल्याइने छ ।

३१. खल्ला तथा पानी जम्ने जमिन र पुरानो पोखरी मर्मत गरि माछा पालन संचालनमा ल्याउन कृषकहरुलाइ प्रोत्साहन दिइने छ ।

३२. पालन कृषकहरुलाइ एकिकृत गर्न समुह गठन मार्फत दर्ता प्रक्रियामा ल्याइ व्यवस्थित गरिने छ ।

३३. कृषि प्रसार सेवा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

३४. अनुदानित रासानिक मलखाद विक्रि वितरण गर्ने सहकारीहरुलाई नियमन गरिनेछ साथै किसानहरुलाई पर्याप्त मलखाद ,बिषादी आदि उपलब्ध हुनकालागी सम्बन्धित पक्षसंग समन्वय एबम सहकार्य गरिने छ ।

३५ . बास्तबिक किसानहरुलाई परिचय पत्र वितरणको कार्य प्रारम्भ गरिने छ ।किसान संग भएको जमिनको अभिलेख ब्यबस्थित गरि त्यसको आधारमा कृषि अनुदान/प्रबिधी हस्तान्तरण सिधै किसानहरुलाई उपलब्ध गराइने छ ।कृषि योग्य भुमीको हक हस्तान्तरण हुनासाथ त्यसको अभिलेख पुनःब्यबस्थित गरिने छ ।

## स्वास्थ्य, खानेपानी तथा सरसफाई

१. सबै गर्भवती महिलाहरुले ८ पटक गर्भवती जांच सेवा प्राप्त गर्नेछन ।

२. सबै गर्भवती महिलाहरु स्वास्थ्य संस्थामा सुत्केरी हुनेछन ।

३. सबै सुत्केरी सेवा दक्ष प्रसुतिकर्मी (SBA) बाट प्रदान गरिनेछ |

४. घरमा सुत्केरी हुने दर न्यून तथा क्रमशः शुन्यको अवस्थामा हुनेछ |

५. पांच बर्ष मुनिका बालबालिकाहरुमा हुने कुपोषणको रोकथाम तथा व्यवस्थापन गरिनेछ |

६. कुनै पनि किसिमको महामारीको समयमै रोकथाम तथा व्यवस्थापन गरिनेछ |

७. सुर्तीजन्य पदार्थ, मद्यपान र धुम्रपानलाई नियन्त्रण तथा नियमन गरिनेछ |

८. नेपाल सरकारले निर्दिष्ट गरेको अत्यावश्यकीय औषधिहरु स्वास्थ्य संस्थाबाट सधैंभरी निशुल्क प्रदान गरिनेछ |

९. स्वच्छ खानेपानी तथा पूर्ण सरसफाईको प्रत्याभूति दिइनेछ |

१०. विभिन्न किसिमको नसर्ने रोगहरु जस्तै क्यान्सर,मधुमेह,उच्च रक्तचाप, दम आदि लाई नियन्त्रण गरिनेछ |

११. ज्येष्ठ नागरिक सेवालाई घरदैलोमा पुर्याइनेछ |

१२. क्लिनिक,पोलिक्लिनिक तथा अस्पतालहरुलाई नियमन गरिनेछ |

१३. वायु प्रदुषण, ध्वनि प्रदुषण तथा मानव जीवनमा प्रभाव पार्ने किसिमका प्रदुषणहरुलाई न्यूनीकरण गरिनेछ |

१४. जन्मदा आउने विभिन्न प्रकारको विकृतिहरूलाई न्यूनीकरण गरिनेछ |

१५. परिवार नियोजनको सेवाहरुलाई प्रभावकारी तथा बिस्तार गरिनेछ |

१६. मातृ तथा नवशिशु मृत्युदरलाइ घटाइनेछ ।

१७. संक्रामक रोगहरु जस्तै क्षयरोग, कुष्ठरोग, HIV/AIDS, मलेरिया,डेंगु,कालाजार आदि हरुलाई नियन्त्रण गरिनेछ |

१८. हाल देखिराखेको विभिन्न प्रकारका रोगहरु जस्तै Scrub typhus, Dengue, Monkey Pox आदि रोगहरुलाई नियन्त्रण तथा रोकथाम गरिनेछ |

१९. थारु समुदायमा देखापर्ने सिकलसेल, थालेसिमिया जस्ता बंशानुगत रोगहरुलाई नियन्त्रण तथा व्यवस्थापन गरिनेछ |

२०. सम्भाव्यताका आधारमा थप २ वटा खानेपानी ओभर हेड टेंक निर्माणकार्यका लागि पहल गरिनेछ।

२१. आर्सेनिक रहित खानेपानीका लागि आबस्यक ब्यबस्था मिलाइने छ ।

२२. पूर्ण सरसफाईको कार्यक्रम नगरपालिकाका सम्पूर्ण वडाहरुमा कार्यान्वयनमा ल्याइने छ र यसका लागि दातृ सस्थाहरुसंग समन्वय गरिने छ ।

२३. वडा तहमा व्यक्तिगत सरसफाई तथा पानी सुद्दिकरणका उपायहरुको बारेमा अभियान संचालन गरिने छ ।

२४. जिल्लाको एकमात्र आँखा अस्पतालको भौतिक पुर्बाधार निर्माणका लागि आठओटै स्थानीय तहसंग समन्वय गरिने छ ।

२५. स्वास्थ्य सस्थामा कार्यरत प्राबिधिक कर्मचारीको क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ ।

२६. आयुर्वेद तथा बैकल्पिक चिकित्सा प्रणालीलाई आवश्यकता अनुसार प्राथमितकता दिईनेछ।

२७. स्वास्थ्य बिमा कार्यक्रमलाई प्राथमिकता दिइने छ।

२८. मधुमेह,उच्च रक्तचाप तथा दमका बिरामीहरुलाई निशुल्क औषधी उपलब्ध गराइने छ

२९. जेष्ठ नागरिक स्वास्थ्य उपचारको लागि घरदैलो घुम्ती सेवा कार्यक्रम सेवा संचालन गरिने छ र संलग्न स्वास्थ्य कर्मीलाई अतिरिक्त सुबिधा उपलब्ध गराइने छ।

## पर्यटन, संस्कृति तथा बाताबरण

१. नेपालको सबै भन्दा ठुलो राष्ट्रिय निकुन्ज बर्दिया राष्ट्रिय निकुन्ज सम्म पुग्ने पर्यटकलाई नेपालगंज , गुलरिया , कृष्णसार संरक्षण क्षेत्र , खाता करिडोर हुदै ठाकुराद्वारा सम्म पुग्ने बाताबरण तयार गर्न पर्यटन ब्यबसायी , होटल ब्यबसायी एबम अन्य सरोकारवाला संग समन्वय गरिने छ ।कृष्णसार संरक्षण क्षेत्रको बिकास तथा प्रचार प्रचारमा बिशेष ध्यान दिइने छ ।यसका लागि बर्दिया राष्ट्रिय निकुन्ज,लुम्बिनी प्रदेश सरकार र संघिय सरकार संग समन्वय गरिने छ ।

२. पुरानो सर्यु नदीको क्षेत्र स्वामित्वमा लिई सो क्षेत्रलाई सिमसार क्षेत्रको रुपमा बिकसित गरिने छ ।गुलरिया नगरपालिका, बर्दियाको महत्वपूर्ण क्षेत्रको रुपमा रहेको कृष्णसार संरक्षण क्षेत्रको बिकास तथा प्रबर्धनका लागि कार्यक्रम संचालन गरिने छ । उचित मुवाब्जा उपलब्ध गराई कृष्णसार संरक्षण क्षेत्र भित्रको बसोबासलाई उपयुक्त ठाउमा स्थानान्तरण गर्न संघिय सरकारसंग अनुरोध गरिने छ । सो क्षेत्र भित्र हुने अतिक्रमणलाइ पूर्णतः निस्तेज गरिने छ ।

४ थारु समुदायको इतिहास र सस्कृतिको पहिचान संरक्षण र सम्बर्द्धनका लागि बिशेष प्रकारका कार्यक्रम संचालन गरिने छ । गुलरिया नगरपालिका ५मा रहेको थारु संग्रालयको स्तरोन्नति गरिने छ ।यस कार्यकालागि लुम्बिनी प्रदेश सरकार संग समन्वय तथा सहकार्य गरिने छ ।

५ प्रर्यटन उद्योग टेवा पुग्ने गरि ५ करोड भन्दा माथिको लगानी गर्ने होटल तथा स्थानीय कच्चा पदार्थको प्रयोग गरि रोजगारी सिर्जना गर्ने उद्धोगहरुका हकमा ३ बर्ष सम्म नगरपालिकाले लिने कर छुट दिने नीति रहेकोमा सो नीतिलाई निरन्तरता दिइनेछ र निर्माणस्थल सम्म पुग्नका लागी आबस्यक भौतिक पूर्वाधार निर्माण गरिदिने छ ।

६ गुलरिया नगरपालिकावाट निर्मित सडक किनारामा बृक्षारोपण कार्यलाई अनिबार्य गर्न स्थानीय जनसमुदायलाई परिचालन गरिनेछ ।फोरलाइन सडक निर्माण सम्पन्न स्थान हरुमा बिरुवा तथा फूलबारी निर्माण गर्नकालागी स्थानीय समुदाय संग सहलगानीमा कार्यक्रम संचालन गरिने छ ।

७ गुलरिया नगर क्षेत्रभित्र रहेका सम्पूर्ण धार्मिक एबम सास्कृतिक महत्वका क्षेत्र समेटेर प्रोफाइल तयार गरिने छ र ती क्षेत्रहरुको बिकास र प्रबर्द्धन गरिने छ ।

८ नगर क्षेत्रभित्र रहेका सबै बन बाटिकाहरुको संरक्षण, सम्बर्द्धन तथा बिकास गर्न बिस्तृत डीपीआर बनाई कार्यक्रम संचालन गरिने छ ।

९ जलबायू परिवर्तनको प्रभावलाई न्यूनीकरण गर्न सरोकारवालाहरुको समन्वयमा कार्यक्रम संचालन गरिनेछ ।

१० सामुदायिक बन उपभोक्ता समितिहरुलाई विभिन्न जनचेतना जगाउने जस्ता कार्यक्रमहरुमा संलग्न गराइनेछ, निजि बन र कबुलियती बन विकासलाई प्रोत्साहन गरिने छ ।बबई नदिसंग जोडिएका सामुदायिक बनहरुमा नदि कटानलाई रोक्ने खालको वृक्षारोपणका लागि साझेदारी गरिनेछ ।

११ योजना छनोट तथा सञ्चालन गर्दा वातावरण मैत्री बनाउने नीति प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

१२ अबधि भाषीहरुको भाषा,सस्कृति र पहिचानको संरक्षण तथा बिकासकालागि एक अध्ययन दल गठन गरि अध्ययन दलको प्रतिबेदनको आधारमा कार्यक्रम संचालन गरिने छ ।

## फोहरमैला ब्यबस्थापन

१. फोहरमैला ब्यबस्थापन तथा सरसफाई गुलरिया नगरपालिकाको प्राथमिकताको कार्यक्रमका रुपमा रहने छ ।

२. गुलरिया नगरपालिकाको एकिकृत फोहर ब्यबस्थापन तथा दिशाजन्य लेदो पदार्थ प्रशोधन केन्द्रको संचालन तथा ब्यबस्थापन नगरपालिका स्वयम् आफैबाट गर्ने नीति अबलम्बन गरिने छ ।ठोस फोहर संकलनको क्षेत्र बढाइने छ र बैज्ञानिक फोहर ब्यबस्थापनको नीति अबलम्बन गरिने छ ।

३. घरधूरी तहमा फोहर बर्गीकरण तथा कम्पोष्ट मल बनाउने अभियान संचालन गरिने छ र घर, आगन, चोक, सार्बजनिक स्थल आदिको नियमित सरसफाईका लागि समुदाय परिचालन गरिनेछ ।वडा कार्यालय हरुलाई फोहर ब्यबस्थापनमा जिम्मेवारी दिइने छ ।समुदाय सरसफाईका लागि टोल बिकास सस्थाहरुलाई परिचालन गरिने छ ।पूर्ण सरसफाईका सूचकका आधारमा टोल बिकास सस्थाहरुलाई पुरस्कृत गर्ने परिपाटीको बिकास गरिने छ ।

४. पूर्ण सरसफाई तथा पोस्ट ओडिएफ कार्यक्रमहरु संचालन गरिने छ ।

५. संस्थाजन्य फोहर र हानिकारक फोहरहरु (अस्पताल, उद्योग) को ब्यबस्थापन स्वयम् सम्बन्धित सस्थाहरुले नै गर्नुपर्ने नीति लाई निरन्तरता दिइएको छ ।

६. फोहर ब्यबस्थापनमा संलग्न जनसक्तिको नियमित स्वास्थ्य परिक्षण गरिने छ ।सरसफाई कर्मीको व्यक्तिगत सुरक्षालाई प्राथमिकता दिइनेछ र स्वास्थ्य बिमा गरिने छ ।

७. दिशा जन्य लेदोपदार्थ ब्यबस्थापन केन्द्रको स्तरोन्नति गरिनेछ ।र , सो केन्द्रलाई श्रोत केन्द्रको रुपमा बिकास गरिने छ ।

८. दैनिक फोहर संकलन गरिने स्थानहरुमा फोहरमैला कर लागु गरिनेछ भने दैनिक रुपमा फोहर संकलन गर्न नसकिने वडामा सो कर नलगाउने नी तिलाई निरन्तरता दिइनेछ ।

९. दिशा जन्य लेदोपदार्थ प्रशोधन केन्द्रलाई अध्ययन तथा अनुसन्धान केन्द्रको रुपमा बिकास गरिनेछ ।

१०. ढल तथा नालिसरसफाई कार्यक्रम नियमित रुपमा संचालन गरिनेछ ।

११. "फोहरलाई मोहरमा परिणत गरौ" अभियान संचालन गरिनेछ ।

## सामाजिक बिकास

१. नगरपालिका क्षेत्रका सबै जाती , भाषा, धर्मको स्पष्ट बर्गीकृत तथ्याङ्क आउने गरी नगरपालिकाको प्रोफाइल तयारि गरिएकोमा web based सो प्रोफाइलको अध्याबधिक गरिने छ ।

२. समाजमा बिध्यमान कुरीतिहरु बिरुद्द सघन कार्यक्रमहरु संचालन गरिने छ र यसका लागि गैर सरकारी सस्थाहरुसंग समन्वय गरिने छ ।

३. आगामी आर्थिक वर्षभित्र कम्तिमा १ वडा बाल बिबाह रहित तथा कम्तिमा २ वडा बाल श्रम निषेधित वडा घोषणा गरिने छ ।

४. सहरि गरिबी न्यूनीकरणका लागि आर्थिक ससक्तिकरण र आर्थिक ससक्तिकरणका लागि समूह परिचालनको अबधारणालाई कार्यान्वयनमा ल्याइने छ ।यसकालागी टोल बिकास सस्था , सहकारी सस्थाहरु , कृषक समुहहरु , महिला समुहहरु परिचालन गरिने छ ।समुह ससक्तिकरणका कार्यक्रमहरु संचालन गरिने छ र सबै सस्थाहरुको नियमन गरिने छ।

५. बन्चितिकरणमा परेको समुहलाई लक्षित गरि सामाजिक बिकासका कार्यक्रमहरु संचालन गरिनेछ । यस्ता कार्यक्रमहरुका हकमा नेतृत्व बिकास , आर्थिक ससक्तिकरण र क्षमता बिकासका कार्यक्रमहरुलाई प्राथमिकता दिइने छ ।

६. आदिवासी जनजाती , पिछडावर्ग, महिला, मधेशी, दलित र मुस्लिम जस्ता पछाडी परेको वर्गलाई योजना छनौट देखि प्रतिफल वितरणसम्मका चरणहरुमा न्यायोचित तरीकाबाट सहभागी गराइनेछ ।

७. "अनुशासन र स्वास्थ्यका लागि खेलकुद" लाई अभियानका रुपमा संचालन गर्दै नगरपालिकामा खेलकूदको प्रबर्धन गरिनेछ ।बिभिन्न किसिमका खेलकुदको बिकास तथा प्रबर्द्धन गर्न सम्बन्धित खेलकुदका नगर स्तरीय समितिहरु बनाइ नगर स्तरीय खेलकुद टिम बनाइने छ ।नगरस्तरीय 'मेयर कप ' खेलकुद प्रतियोगिताहरुको आयोजना गरिने छ ।

८. अपाङ्गता भएका व्यक्तिहरुलाई सेवामा विशेष प्राथमिकता दिई सिफारिश लगायतका सेवा सुविधाहरु निःशुल्क उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइएको छ ।

९. गुलरिया नगर पालिका भित्र संचालित सेवा केन्द्रलाइ नगरस्तरीय सेवा केन्द्रको रुपमा बिकास गरिनेछ साथै हिँसामा परेका महिलाहरुको लागि आयमुलक कार्यक्रम संचालन गरिनेछ ।गुलरिया नगरपालिकामा रहेको यस सेवा केन्द्रको प्रभाबकारी संचालन तथा ब्यबस्थापनकालागि बर्दिया जिल्लामा रहेका सम्पूर्ण स्थानीय तहहरुसंग समन्वय गरिने छ ।

१०. सडक बालबालिका , असाहय जेस्ठ नागरिक हरुको उचित स्याहार तथा ब्यबस्थापन गर्नकालागी सरोकारवाला संघसस्थाहरुसंग समन्वय गरिने छ ।

११. मुक्तिनारायण भादा घाटमा सबदाह स्थल निर्माणको सुरुवात गरिने छ ।नियमित दाउरा ब्यबस्थापनकालागी बजेट ब्यबस्था गरिने छ ।फरक-फरक जात एबम धर्म अनुसार सब ब्यबस्थापनाको स्थायी समाधानकालागि कार्यक्रम संचालन गरिने छ ।

## भुमि ब्यबस्थापन

१. भूमीहिन दलित, भूमिहीन सुकुम्बासी र अब्यबस्थित बसोबासीहरुको तथ्यांक संकलन गरि तथ्यांक प्रबिस्ट कार्य समेत सम्पन्न भैसकेकोमा अन्य प्रक्रिया समेत पुरागरी लालपुर्जा वितरणको कार्य आगामी आर्थिक बर्षमा अघाडी बढाइने छ ।

२. सर्यु नदीको अतिक्रमित क्षेत्र पहिचान गरि सर्यु नदीको बास्तबिक क्षेत्र नगरपालिका मातहत ल्याइ सर्यु करिडोर बिकास कार्यक्रम कार्यान्वयन गरिने छ।तुलसीपुर ताल भू—ब्यबस्थापन गरि सो क्षेत्रलाई आयमुलक पर्यटकिय क्षेत्रको रुपमा बिकास गरिने छ ।

३. सार्बजनिक, पर्ति र ऐलानी जग्गाको तथ्यांक संकलन गरि नगरपालिकाको आबस्यकता बमोजिम नीति बनाइ त्यस्ता जमिनको उपयुक्त प्रयोग गर्ने नीति अबलम्बन गरिनेछ ।

४. गुलरिया नगरपालिकाको भू-उपयोग योजना तयार गरि योजनाले प्रस्ताब गरेका स्थानहरुमा सोहि बमोजिम भू-उपयोग गर्ने नीति अबलम्बन गरिने छ ।

५. अतिक्रमित भुमी नगरपालिकाको मातहतमा ल्याई भूमीहिन हरुको उचित ब्यबस्थापनमा नगरपालिकाबाट बिशेष लक्षित कार्यक्रम संचालन गरिने छ ।

## महिला, बालबालिका तथा जेष्ठ नागरिक

१. गरीब,विपन्न तथा अति सिमान्तकृत समुदायका महिला दिदीबहिनिहरुलाइ सहकारीमा आवद्धता गर्ने सम्बन्धी कार्यक्रम सन्चालन गरिनेछ।
२. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यक्रमहरु सन्चालन गरिनेछ।
३. सबै किसिमका सामाजिक बिभेदहरुलाइ निरुत्साहित गर्ने खालका कार्यक्रमहरु गरिने छ।
४. नगरपालिकामा रहेका महिला सहकारीका सदस्यहरुको नेतृत्व तथा  क्षमता विकास सग सम्बन्धित तालिम र कार्यक्रमहरुलाइ  प्राथमिकतामा राखिनेछ।
५. लैगिक तथा घरेलु हिसा  , यौन शोषण  लगायत जोखिममा परेका महिला ,बालबालिका , अपाङ्गता भएका व्याक्ति र  एकल महिलाहरुका लागि सशक्तिकरण र  हिसा न्यूनीकरण  सम्बन्धी कार्यक्रमहरु सन्चालन गरिनेछ।
६. महिला सशक्तिकरण र सीपमुलक तालिमहरुमा बिशेष गरी विपन्न र समुदायमा बन्चितीकरणमा परेका महिलाहरुलाइ प्राथमिकता दिइनेछ।
७. लैङ्गिक हिसामा परेका पीडित तथा प्रभाबितहरुको लागि तत्काल उद्धार राहत तथा पुनर्स्थापना सम्बन्धी नीति लिइनेछ।
८. अपाङ्गता भएका व्याक्तिहरुका लागि जनचेतनामुलक  अन्तरक्रियात्मक कार्यक्रमहरु सन्चालन गर्ने नीति लिइनेछ।
९. समाजका अग्रज सम्मानित ज्येष्ठ नागरिकहरुलाइ सम्मान गर्दै ज्येष्ठ नागरिकको भूमिका र योगदानलाइ उच्च महत्व दिइने छ र ज्येषंठ नागरिक र सरोकारवालाहरुको बिचमा  अन्तरकिया कार्यक्रम गर्दै जाने नीति लिइनेछ।
१०. मानव बेचविखन र बालबिवाह न्यूनिकरणका कार्यक्रमहरुलाइ  बिशेष प्राथमिकताका साथ सन्चालन गरिनेछ।

११. बालबालिकाहरुको सहभागिताका लागि बालक्लब गठन परिचालन र अभिमुखीकरणका कार्यक्रमहरु सन्चालन गरिनेछ।

१२. अति गरीब विपन्न तथा विद्यालयबाट बन्चित महिलाहरुको आर्थिक सशक्तिकरण का लागि समुह समिति गठन गर्दै उक्त महिलाहरुका लागि सहकारीमा आवद्धता गरिने खालका  कार्यक्रमहरु सन्चालन  गरिने छ।.

१३. घरेलु हिसा लैगिक हिसा न्यूनीकरण गर्दै समाजमा महिलाको उचित मानमर्यादाका साथ जीवन व्यतित गर्ने वातावरण सिर्जनाका लागि महिला सशक्तिकरण सम्बन्धी विभिन्न तालिम र जनचेतनामूलक कार्यक्रमहरु सन्चालन गरिने छ।

१४. आदिबासी,जनजाति, मधेशी, मुस्लिम, थारु , दलित ,अशक्त तथा विपन्न समुदायलाइ लक्षितगरी उनीहरुको उत्थानमा सहयोग पुग्ने कार्यक्रम सन्चालन गरिने छ।

१५. बिपन्न  दलित , मधेशि , मुस्लिम र थारु समुदायलाइ लक्षित गरी उनीहरुको शसक्तिकरण र क्षमता विकास सग सम्बन्धित कार्यक्रमहरुलाइ विशेष प्राथमिकतामा राखिनेछ ।

१६. लैङ्गिक हिसामा परेका पीडित तथा प्रभाबितहरुको तत्काल उद्धार राहत तथा पुनर्स्थापनाका लागि  यस गुलरिया नगरपालिकामा लैङ्गिक हिसा निवारण कोषको स्थापना भईसकेको र आपतकालीन अवस्थामा परेका बालबालिकाहरुको उद्धारको लागि आपतकालीन बालउद्धार तथा राहत कोष स्थापना गरिएकोमा कोषलाई दिगो बनाइने छ।

१७. अपाङ्गता भएका व्याक्तिहरुका लागि जनचेतनामुलक सीपमुलक र शसक्तिकरण गर्ने सम्बन्धी कार्यक्रमका साथै स्वास्थ्य शिविर सन्चालन लगायत विपन्न अवस्थामा रहेका अपाङ्गता भएका व्याक्तिहरुका लागि केही हदसम्म सरल जीवनयापन गर्न सहज होस भन्ने हेतुले सहायक सामाग्री वितरणका कार्यक्रमहरुलाई निरन्तरता दिइने छ ।

१८. समाजका अग्रज सम्मानित ज्येष्ठ नागरिकहरुलाइ सम्मान गर्दै ज्येष्ठ नागरिकको भूमिका र योगदानलाइ उच्च महत्व दिइने छ र ज्येष्ठ नागरिकहरु सगको सहकार्यमा मागमा आधारित कार्यक्रमहरु सन्चानल गरिनेछ ।

१९. गरिबि न्यूनीकरण एव सामावेशि विकासबाट सामाजिक विभेद कम गर्दै जाने नीति लिइनेछ।

२०. नगरबाट प्रदान गरिने सेवाहरुमा असहाय अपाङ्गता भएका व्याक्ति ज्येष्ठ नागरिक गर्भवती सुत्केरी र अशक्तलाइ सेवामा अग्राधिकार दिइने छ ।

२१. यस नगरपालिकामा रहेका बालक्लबका आवद्ध पदाधिकारीहरुलाइ बालअधिकार लगायत क्षमता विकासका लागि विभिन्न तालिम र सशक्तिकरणका कार्यक्रम हरु सन्चालन गरिने छ ।

२२. सामाजिक सुरक्षा सुबिधा प्राप्त गर्ने प्रयोजनकालागि वितरण गरिने परिचय पत्र प्राप्ति प्रक्रियालाई थप बैज्ञानिक बनाइने छ ।

२३. संरक्षणको आबस्यकता रहेका बालबालिकाको लालन पोषण तथा शिक्षा लगायतको जिम्मेवारी नगरपालिकाले ग्रहण गर्नेछ ।

## राजस्व तथा कर प्रणाली

१. आगामी आ.ब. २०८०/०८१ को करको दररेट साबिक बमोजिम यथाबत राखिनेछ ।

२. राजस्ब अधिकारका संभाबना हरुको खोजी गर्ने सो खोजी गरिएका संभाब्यता क्षेत्रको राजस्ब परिचालनका लागी अबलम्बन गर्नु पर्ने नितिगत कानुनी र ब्याबस्थापकिय सुधारका उपायहरु परिचालन गरि कार्यान्यनमा ल्याउनेछ । सबै प्रयास हरुका आधारमा आगामी दिनमा परिचालन गर्न सकिने बास्तबीक आन्तरिक आयको प्रक्षेपण गर्ने कार्यका लागी राजस्ब सुधार कार्ययोजना बनाइनेछ ।

३. सम्पत्ती कर र भुमी करमा नगर क्षेत्र भित्र नगरपालिकाका सबै करदातालाइ समाहीत गर्नका लागी घरदैलो करदाता शिक्षा कार्यक्रम संचालन ल्याईनेछ ।

४. लेखा प्रणालीलाई थप ब्यबस्थित गर्न प्रोदभाबी लेखा प्रणालीको सुरुबात गर्ने कार्यमा आबयक तयारी गरिनेछ ।

५. आगामी आ.ब.बाट नगरक्षेत्रको उच्चतम कर दाखिला गर्ने कर दाताहरु लाई सम्मान गर्ने निति अबलम्बन गरिनेछ ।

६. नगरपालिका भित्र भिन्न भिन्न ब्याबसाय गर्ने सबै प्रकृतीका ब्याबसायीहरु लाई न.पा. वा बडा कार्यालयमा अनिबार्य ब्यासाय दर्ता गर्ने प्रणाली सुरु गरिएकोमा सो कार्यक्रमलाई सघन रुपमा संचालन गर्न उद्योग बाणिज्य संघ संग समन्वय गरिनेछ ।

७. ब्याबसायको प्रकार, प्रकृती र श्रेणी अनुसार सो दररेटमा राजस्ब भुक्तानी गर्न नसक्ने अति न्युन स्तरका कुना काप्चामा तथा अति कम चलती फिरती हुने ठाउँमा रहेका ब्याबसाय लाई श्रैणी बिहिन मानी बार्षिक न्युनतम रु ६०० मा नधटाई ब्याबसाय कर लिने निति लिइनेछ ।

८. नगरक्षेत्र भित्र रहेको सर्यु नदि लयायतका अन्य स्थानका ताल तलैया प्राकृतिक सम्पदा को ब्यबस्थापन गरि पर्यटन प्रबद्र्वन र आयमुलक आयोजनाको रुपमा लगानी बढाउदै लगिने निति अबलम्बन गरिनेछ ।

९. तरकारी हाट बजार र पशु हाट बजारको स्तरोन्नती गरिनेछ र आबश्यकताको आधारमा थप हाट बजार संचालनका लागी पहल कदमीको निति बनाइनेछ । पशु हाट बजार संचालनमा देखिएका समस्या एंब ब्याबस्थापनका लागी अबस्था अध्यन कार्यदल गठन गरि सो कार्यदलको सुझाबका आधारमा बजार ब्यबस्थीत गरि संचालनमा ल्याइनेछ ।

१०. पुजीगत लगानीलाई आयमुलक योजनाहरुमा लक्षीत गरिनेछ र दिगो आय दिने खालका आयमुलक योजना लाई प्रथामिकताका साथ संचालन गर्ने निति अपनाइनेछ ।

११. अपाङ्गता, असाहाय, भएका ब्याक्त्ती हरुका लागी सिफारिस दस्तुरमा छुट मिनाहा दिइनेछ।

१२. सम्पत्तीको स्बामित्ब प्राप्त भएको ३५ दिन भित्र अनिबार्य रुपमा नगरपालिका वा बडा कार्यलयमा दर्ता गर्नु पर्ने निति लिइएको छ ।

१३. घर / जग्गाको मुल्याङ्कन गर्दा एकिकृत सम्पती करको मुल्याङ्कनका आधारमा गर्ने निति लिइनेछ ।

१४. नगरक्षेत्र भित्र घर पसल, गोदाम टहरा आदी भाडामा दिने हरुसंग बार्षिक १०% बहाल कर उठाउने र सरकारी , सार्बजनिक र ऐलानी जग्गामा घर टहरा को बाल बिटौरी कर लिने निति अबलम्बन गरिनेछ ।

१५. नगरक्षेत्र भित्र रहेका निर्माण ब्याबसायी हरुले स्थानिय कर भुक्तान नगरे सम्म नगर क्षेत्र भित्र रहेका ठेक्कापट्टा हरुमा सहभागी नगराइने निति लिइनेछ ।

१६. नगरक्षेत्र भित्र स्बिकृती नलिई बनाइएका पक्की घरलाइ अनिबाय रुपमा नक्शापासको दायरा ल्याउनका लागी आबश्यक निति अबलम्बन गरिनेछ ।

१७. गुलरिया न.पा. को बिगत बर्षमा बिभिन्न ठेक्का लिई हाल सम्म सो ठेक्का बापतको बकौता रकम भुक्तान हुन बाकी रहेकाको हकमा बार्षिक १०% सुद सहित असुल उपर गर्ने र निजले सो बकौता रकम भुक्तान नभए सम्म न.पा. उपलब्ध गराउने कुनै सेबा सुबिधा नगराउने निति लिइनेछ ।

१८. बिभिन्न कर तथा दस्तुर लाई कम्पुटर बाट बिलिङ गर्ने प्रणाली लाई निरन्तरता दिई कम्पुटर अभिलेख प्रणाली लाई चुस्तदुरुस्त बनाइनेछ ।

१९. राजस्ब कार्ययोजना तयार गरी राजस्बका नितिगत कार्ययोजना बनाई जनप्रतिनिधी ,उधोग बाणीज्य संध यातायात ब्याबसायी संध, होटल ब्याबसायी संध , बिभिन्न ब्याबसायी संगठन तथा सो संग सम्बन्ध राख्ने सरोकारबाला सामाजिक अगुवा प्रतिनिधी, बाट छलफल गराई आबश्यक सुचना तथा राय र सुझाब संकलन गरि समयसापेक्ष निति अबलम्बन गरि कार्यन्यनमा जोड दिइनेछ ।

२०. संघीयता लागू भएपश्चात अधिकाश सरोकारबाला लाई स्नानिय सरकारको राजस्ब सम्बन्धी एकल अधिकार अन्तर्गत कर तिर्न पर्ने जानकारी नभएको पाइएकोले जनचेतनामुलक कार्य गरिनेछ ।

## संगठन तथा जनसक्ति बिकास

१. उपलब्ध जनशक्तीको क्षमता विकास गर्दै उत्कृष्ट कर्मचारीलाई पुरस्कृत गर्ने परिपाटीको विकास गरिनेछ । क्षमता र दक्षताको आधारमा कर्मचारीहरुलाइ उपयुक्त शाखामा कार्यबिबरण सहित जिम्मेवारी दिईने छ ।

२. ऐन, नियमको परिधीभित्र रही कार्य सम्पादन मूल्याङ्कनको आधारमा कार्यरत कर्मचारीको बढुवा , स्तरबृद्धि, प्रोत्साहन पुरस्कार प्रदान गर्ने जस्ता कार्यलाई निरन्तरता दिइनेछ ।

३. मौजुदा जनशक्तिलाई समयानुकुल सक्षम बनाउन आन्त रीक एवं बाह्य सहयोगका आधारमा तालिम दिने नितिलाई प्राथमिकता दिइनेछ ।

४. कर्मचारीले हालमा प्राप्त गरिरहेको सेवा सुविधालाई निरन्तरता दिदै अबकास भइ जाँदाका बखत उपलब्ध गराउन चाहिने स्रोतका लागि कर्मचारी कल्याणकोषको स्थापना गरिएकोमा सो कोषलाई अझ बढी मजबुत बनाइनेछ ।

५. गुलरिया नगरपालिकाको संगठन बिकास योजनाले प्रस्तावित गरेका क्षेत्रहरु कार्यान्वन गरिने छ।

६. आबस्यकता ,योग्यता,क्षमता र दक्षताका आधारमा करार एबम दैनिक ज्यालादारी कर्मचारीको निरन्तरता एबम सेवा सुबिधा निश्चित गरिने छ ।

## सुशासन तथा पारदर्शिता

१. नागरिक बडापत्र बमोजिम सेवा उपलब्ध गराइनेछ ।

२. सबै खाले योजनाहरुमा अनुगमन गर्ने परिपाटीलाई कडाइकासाथ लागु गरिने छ ।भौतिक पुर्बाधारका आयोजनाको रकम भुक्तानीमा ल्याब टेस्ट र पुर्बाधार निर्माणको फोटो अनिबार्य गरिने छ ।

३. "नागरिक सहायता कक्ष" लाई निरन्तरता दिइनेछ ।

४. रु पाच लाख भन्दा माथिका योजनामा सार्वजनिक सूचनापाटीको अनिबार्य व्यवस्था गरिने छ ।

५. नगरपालिको मासिक आम्दानी तथा खर्च सार्वजनिक सूचना पाटी तथा छापा सञ्चार माध्यमबाट प्रसारण गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

६. सार्वजनिक परिक्षण , सामाजिक लेखा परिक्षण एवं सार्वजनिक सुनुवाई जस्ता कार्यक्रमहरु लाई प्राथमिकता दिइनेछ ।

७. सूचनाको प्रकृति हेरी तत्काल सूचना उपलब्ध गराइने परिपाटीको विकास गरिनेछ

८. प्राप्त गुनासोको तत्काल सम्बोधन गर्न सक्ने गरि संयन्त्रको बिकास गरिनेछ।

९. **First come first service** को नीति अबलम्बन गरिने छ ।

१०. योजना संचालन पूर्व उपभोक्ता समिति र निर्माण कम्पनीलाई आयोजना संचालन सम्बन्धि तालिम अनिबार्य गरिने छ ।

११. सम्पूर्ण वडा अध्यक्ष , बिषयगत समितिका पदाधिकारी , वडा सदस्यहरुलालागी क्षमता बिकास सम्बन्धी कार्यक्रमहरु नियमित रुपमा संचालन गरिने छ ।निर्बाचित पदाधिकारीहरुको मासिक अन्तरक्रिया कार्यक्रम आयोजना गरिने छ र यस्ता किसिमका कार्यक्रमहरु नगरपालिका कार्यालयले स्वयम् आयोजना गर्नेछ ।यस्ता कार्यक्रमहरुबाट सुशासन तथा पारदर्शितामा मद्दत पुग्ने छ ।

## <u>सहकारी</u>

**१.** सहकारीको सिद्दान्त बमोजिम सम्पूर्ण सहकारीहरुको नियमन, अनुगमन, निरीक्षण गर्ने ब्यबस्था मिलाइनेछ ।

**२.** सहकारी सस्थाहरुको मर्जिंग प्रकृयालाई अघाडी बढाइने छ।

३. सहकारी संस्थाहरुलाई सहकारी शिक्षा ब्यबस्थापन, सहकारी लेखा सम्बन्धि तालिम, अबलोकन भ्रमण लगायत अन्य क्षमता बिकासकाका कार्यक्रम हरुमा सहभागी हुने ब्यबस्था मिलाइनेछ ।

४. सदस्यहरुको आर्थिक बिकासको लागि सहकारीलाई सिप तथा आयमुलक तालिम दिई रोजगारीको सृजना गर्न प्रयत्न गरिनेछ ।

५. सहकारीको दर्ता तथा अभिलेख ब्यबस्थापनलाई ब्यबस्थित गरिने छ ।

६. संस्थाको सुशासन तथा पारदर्शिताको लागि प्रतेक संस्थामा सहकारी बडापत्र तथा ब्रोसर प्रकाशन गर्न लागाइने छ र जिन्सी सामानको अभिलेख राख्ने ब्यबस्था मिलाइनेछ।

७. सहकारिताको सिद्दान्त बमोजिम संचालनमा रहेका सहकारीहरुको संस्थागत एबम भौतिक बिकासमा सहयोग गर्ने नीति लिइनेछ ।

८. सहकारीहरुको अनलाइन रिपोर्टिंग सिस्टम बिकास गरिनेछ र कार्यक्षेत्र भन्दा बाहिर गइ कार्य गर्ने सहकारी संस्थाहरुको नियमन गरिनेछ ।

९ सहकारीहरुको मासिक रिपोर्टिंगलाई अनिबार्य बनाइने छ ।

१० आफ्नो कार्यक्षेत्र भन्दा बाहिर गइ सहकारिताको सिद्दान्त एबम मर्म बमोजिम संचालन नभएका सहकारिसंस्थाहरुलाई तत्काल कारबाही गर्ने प्रक्रिया अघि बढाइने छ ।

सहभागितात्मक योजना तर्जुमा प्रक्रिया,लोकतन्त्रिक विधि र पद्धतिहरुबाट निर्माण गरेका नीति तथा कार्यक्रमहरुको प्रभावकारी र व्यबस्थित कार्यान्वयन गर्न सवै विकास साझेदारहरुसँग सहकार्य,रचनात्मक सहयोग तथा साझेदारीको अपरिहार्यता छ । म यस सम्मानित नगरसभा मार्फत समृद्ध गुलरिया नगर निर्माणको महाअभियानमा यहाँहरुको सहकार्यको लागि सम्पूर्ण सरकारी निकायहरु, निजिक्षेत्र, अन्तर्राष्ट्रिय संघ संस्थाहरु, गैर

सरकारी संघ संस्थाहरु, विभिन्न विकास साझेदारहरु, संस्थाहरु एवम् अन्य सम्पुर्ण सरोकारहरुसँग हार्दिक अनुरोध गर्न चाहन्छु।

अन्त्यमा, आर्थिक वर्ष २०८०/०८१ को लागि प्रस्तुत नीति तथा कार्यक्रमले यस नगरपालिकाको समग्र विकासमा सकरात्मक र दुरगामी प्रभाव पार्ने विश्वास लिदैं यस गरिमामय सभामा आवश्यक छलफल तथा स्विकृतिकोलागि पेश गरेकोछु ।आगामी आ.व. २०८०/०८१ को प्रस्तावित नीति तथा कार्यक्रम मस्यौदा तयार पार्न प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग गर्नु हुने विषय विज्ञ महानुभावहरु, राजनैतिक दल, नागरिक समाज, बुद्धिजिवी, गैर सरकारी संस्थाका साझेदार मित्रहरु, विकास साझेदार मित्रहरु, शिक्षक, सम्पुर्ण नगरबासी दाजुभाई दिदी बहिनीहरु, नगरको हरेक गतिविधिको बारेमा सत्य तथ्य सूचना प्रबाह गरी सहयोग पुर्याउनु हुने संचारकर्मी मित्रहरु एवम राष्ट्रसेवककर्मचारीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

**मुक्तिनाथ यादब**

**नगर प्रमुख ,गुलरिया नगरपालिका**

२०८०/०३/१०